**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री  वासुदेव खनाल**

**फैसला**

**२०७९/०८० सालको निर्णय नं.३२६**

**पुनरावेदन नं. ०७५-RB-०१८८**

**पुनरावेदन दर्ता मितिः २०७५।०९।२३**

**मुद्दाः- मूल्य अभिवृद्धि कर (२०६७/०६८)।**

| | |
|---|---|
| सुनसरी जिल्ला सोनापुर वडा नं.२ स्थित पशुपति आईरन एण्ड स्टिल प्रा.लि. (पान नं.३०००१६१४५) को तर्फबाट अख्तियार प्राप्त ऐ.कम्पनीको संचालक अशोक कुमार मुरारका ..................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| ठूला करदाता कार्यालय, ललितपुर..................................................१<br>आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाडौं..........................................१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः  प्रमुख कर प्रशासक श्री जगदीश रेग्मी

शुरु कार्यालयको निर्णय मितिः-२०७०।०४।०३

**प्रशासकीय पुनरावलोकन निर्णय गर्ने कार्यालय र अधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग, लाजिम्पाट काठमाडौं

निर्णय गर्ने अधिकारीः महानिर्देशक विष्णुप्रसाद नेपाल

निर्णय मितिः २०७५।०५।०८

**उपस्थित कानून व्यवसायीहरुः**

पुनरावेदक तर्फबाटः विद्वान अधिवक्ताद्वय श्री रमणकुमार कर्ण र श्री प्रेरणा उप्रेती

प्रत्यर्थी तर्फबाटः विद्वान सहायक न्यायाधिवक्ता श्री संगीता थोकर

**अवलम्वित नजीरः ×**

ठूला करदाता कार्यालय, हरिहरभवनबाट मिति २०७०।०४।०३ मा भएको मूल्य अभिबृद्धि कर  तर्फको अन्तिम कर निर्धारणको निर्णय तथा उक्त निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०५।०८ मा भएको निर्णय समेत उपर चित्त नबुझाई राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम पर्न आएको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

## <u>तथ्य खण्ड</u>

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री पशुपति आईरन एण्ड स्टिल प्रा.लि. (स्थायी लेखा नं.३०००१६१४५) को आर्थिक वर्ष २०६७/०६८ को विस्तृत कर परीक्षण भै पेश भएको विस्तृत प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम कर तथा जरिवाना, थप दस्तुर र ब्याज समेत जम्मा रू.१५,४४,२५७।- को प्रारम्भिक कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७०।०३।१७ मा जारी भएको आदेश।

२. ठूला करदाता कार्यालयवाट मिति २०७०।०३।१७ मा जारी भएको सूचना करदाताले मिति २०७०।०३।२० मा बुझि लिई सो सम्बन्धमा करदाताले मिति २०७०।०४।०२ मा जवाफ पेश गरेको।

३. यसमा कार्यालयवाट मिति २०७०।०३।१७ मा जारी प्रारम्भिक कर निर्धारण आदेश बमोजिमको मू.अ.कर रकम, जरीवाना थप दस्तुर तथा ब्याज गरी जम्मा रु.१५,४४,२५७।-को कर निर्धारण कानून सम्मत ठहर्छ। सो ठहर्नाले मू.अ.कर ऐन, २०५२ को दफा २०(१) बमोजिम कर निर्धारण गरी मू.अ.कर नियमावली, २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्नु भन्ने ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७०।०४।०३ मा भएको निर्णय पर्चा।

४. यसमा करदाताले कर रकम रू. १५,४४,२५७।— तिर्नु पर्ने देखिन आएकोले उक्त रकम यो आदेश जारी भएको मितिले १५ दिन भित्र नेपाल सरकारको सर्वसञ्चित कोषमा दाखिला हुने गरी पुल्चोक ललितपुर स्थित एभरेष्ट बैक लि. बैक/नगद दाखिला गर्नु होला भन्ने करदाताको नाममा मिति २०७०।०४।०३ मा ठूला करदाता कार्यालयबाट जारी भएको सूचना।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७०।०४।०३ मा जारी गरेको आ.व. २०६७/०६८ को मूल्य अभिवृद्धि करतर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी पुनरावेदक करदाता श्री पशुपति आईरन एण्ड स्टिल प्रा.लि. ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७०।०५।३१ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

६. यसमा उत्पादन जर्तिको सम्बन्धमा यस आ.ब.मा जर्तिका सम्बन्धमा अन्तशुल्क सम्बन्धी मुद्दामा राजस्व न्यायाधिकरण, बिराटनगरले यसै उद्योगको बास्तविक दृश्य अदृश्य जर्तिलाई

मिनाहा दिई मुद्दा उल्टी भएको हुँदा अनुमानित उत्पादनका आधारमा बिक्री भएको भनी सोमा मू.अ.कर लगाईएको त्रुटिपूर्ण छ भन्ने निवेदन जिकिरका सम्बन्धमा मूल्य अभिबृद्धि करतर्फ यस विषयमा राजस्व न्यायाधिकरण लगायत न्यायिक निकायबाट कुनै निर्णय फैसला भएको तथा नजीर रहेको व्यहोरा जानकारी हुन नआएको हुँदा निवेदकको जिकिर नपुग्ने ठहर्छ। VAT Receivable फरक परेको सम्बन्धमा निवेदकको आ.ब. २०६८।०६९ को VAT Return Detail अध्ययन गर्दा आश्विन महिनाको विवरणमा उक्त रकम बराबरको Debit Adjustment गरेको देखिएको हुँदा यस सम्बन्धमा कार्यालयबाट छानवीन तथा विश्लेषण गरी पुनः कर निर्धारण हुनुपर्ने ठहर्छ। विपक्षी कार्यालयबाट लगाईएको जरिवाना त्रुटिपूर्ण रहेको भनी निवेदकले जिकिर लिए तापनि मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २९ मा उल्लिखित कसुर गरेमा सोही बमोजिम जरिवाना हुने व्यहोरा उल्लेख रहेको हुँदा निवेदकको जिकिर नपुग्ने ठहऱ्याई आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०५।०८ मा भएको निर्णय पर्चा।

७. यसमा उद्योग विभागको Material Consumption Norms Vol.I B.S. 2063 उद्योग विभागले Duty Drawback को प्रयोजनको लागि बनाईएकोमा कर निर्धारण प्रयोजनको लागि नभएको प्रष्ट छ। आन्तरिक राजस्व कार्यालय धरान समेतको आ.ब. २०६७।०६८ मा हामीले पेश गरेको वास्तविक उत्पादनलाई मञ्जुरी गरेको छ भने आ.ब. २०६४।०६५ र २०६५।०६६ मा हाम्रो उत्पादनलाई नस्वीकारेको आधार र कारण बस्तुगत नभएको र राजस्व न्यायाधिकरण बिराटनगरले अन्तःशुल्क निर्धारण उपर उल्टी फैसला गरेको समेतबाट माग गरेको कर तिर्न बुझाउन नपर्ने व्यहोरा अनुरोध छ भनी प्रारम्भिक कर निर्धारणको सूचनाको जवाफमा प्रमाण सहितको जवाफ दिदा कार्यालयबाट सोको सम्बन्धमा विचार नै नगरी गरिएको कर निर्धारण त्रुटिपूर्ण छ। वास्तविक दृश्य अदृश्य जर्ति कट्टा गरी सोको प्रभाव पर्ने गरी आयकर, मू.अ.कर निर्धारण नगर्नु भन्ने पुनरावेदन अदालत बिराटनगरले अन्तरिम आदेश जारी गरेकोतर्फ विचार हुन अनुरोध छ भनी सोको प्रमाण सहित विपक्षी कार्यालयमा सूचनाको जवाफ पेश गर्दा प्रमाणको सही सत्यसंग मूल्यांकन तथा विचार नै नगरी गरिएको अन्तिम कर निर्धारण निर्णय आदेश त्रुटिपूर्ण छ। कार्यालयले गरेको अन्तिम कर निर्धारण अनुसार कारखानाबाट मिसरोलको रुपमा उत्पादित सामान बिक्री गरेको रकमलाई मात्र कट्टा गरेको तर बांकी स्टकमा रहेको सामानलाई कपोल्कल्पीत बिक्री मानी मू.अ.कर लगाउनु त्रुटिपूर्ण छ। उद्योग बिभागबाट प्रकाशित Material Consumption Norms B.S. 2063 को Ferrous Metal मा MS Rod १०० के.जी. उत्पादन गर्न MS Billet १०६ के.जी. खपत हुने भन्ने सन्दर्भमा उक्त तथाकथित नर्म्सको बारेमा न त निबेदकलाई तत्कालिन अवस्थामा बिपक्षीले कुनै जानकारी नै गराएको छ न त उक्त कार्यालय प्रयोजनको लागि उद्योग विभागले तयार पारेको नर्म्सको सम्बन्धमा व्यवहारिक रुपमा उत्पादन हुँदा र गरिदा प्रयुक्त हुने यथोचित परिमाणसंग नै छ, न त सोको सम्बन्धमा अन्तशुल्क उठाउने विषयसंग नै छ। यसप्रकार निवेदकको हकमा श्री

सम्मानित आन्तरिक राजस्व बिभाग वा निज मातहतका निकाय कार्यालयहरुले उक्त निवेदकलाई आकर्षित नहुने नर्म्सलाई अमुक तोकिएको मितिबाट लागू भई सोही मापदण्डको आधारमा बिक्री भएको भनी कर निर्धारण गर्ने गरिएको त्रुटिपूर्ण छ। निवेदक उद्योगले पेश गरेका प्रमाणलाई कुनै खण्डन नै नगरी आफ्नो साधिकार निकायले गरेको नीतिगत निर्णय एवं राजस्व न्यायाधिकरण बिराटनगरले जर्तीका सम्बन्धमा गरेको फैसलाको ठिक बिपरित ठूला करदाता कार्यालयले गरेको अन्तिम कर निर्धारण आदेश त्रुटिपूर्ण रहेको हुँदा उक्त व्याज जरिवाना नलाग्ने हुँदा सो आय वर्षमा कार्यालयबाट भएको अन्तिम कर निर्धारण आदेश र सो आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय बदर गरी पाउँ भन्ने समेत व्यहोराको मिति २०७५।०९।२३ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६।०३।०१ मा भएको आदेश।

९. यसमा यिनै पुनरावेदक तथा प्रत्यर्थी रहेका आ.व. २०६४/०६५ देखि २०७२/०७३ सम्मका विभिन्न आर्थिक बर्षहरुका आयकर, मू.अ.कर र अन्तशुल्क समेतका सम्बन्धमा यसै न्यायाधिकरणमा पुनरावेदन परेको देखिएको तर आ.व. २०६८/०६९ र २०६९/०७० का कर निर्धारण सम्बन्धमा पुनरावेदन परे नपरेको यकिन गरी पुनरावेदन परेको भए साथै राख्नु। साथै, यस न्यायाधिकरणमा कारवाहीको अवस्थामा रहेका यिनै पुनरावेदक तथा प्रत्यर्थी रहेका आ.व. २०६४/०६५ र आ.व.०६७/०६८ का आयकर, मू.अ.करका मुद्दाहरुको ठूला करदाता कार्यालय, ललितपुरमा प्रमुख कर अधिकृतको रुपमा यस न्यायाधिकरणमा राजस्व सदस्य भई कार्यरत श्री राजेन्द्र पौडेल समेतको संलग्नतामा परीक्षण भएको हुँदा उहा रहितको ईजलासमा पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७७/०९/०१ मा भएको आदेश।

१०. पुनरावेदक करदाताको आ.व. २०६४।०६५ को पुनः संशोधित कर निर्धारण गर्न मिति २०७०।२।२७ मा खडा गरेको निर्णय पर्चाको प्रकरण २ बाट निज करदाताको मिति २०६७।५।२ मा संशोधित कर निर्धारण भएकोमा आन्तरिक राजस्व कार्यालय धरानले मिति २०६८।३।६ मा अन्तशुल्क निर्धारण गरी आयकरतर्फ संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि प्रतिवेदन प्राप्त भएकोले पुनः संशोधित कर निर्धारण गर्नु परेको भन्ने समेत बेहोरा उल्लेख भएकोमा मिसिल संलग्न राजस्व न्यायाधिकरण विराटनगरबाट पुनरावेदन नं.९६।०६८ । ००१६०, ००१६१ र ००१६२ मा मिति २०६९।१०।१९ मा भएको फैसलाको छाँयाप्रतिबाट उल्लेखित आन्तरिक राजस्व कार्यालय धरानको मिति २०६८।३।६ को र सो उपरको प्रशासकीय पुनरावलोकनको निवेदनमा आन्तरिक राजस्व विभागबाट मिति २०६८।९।१४ का निर्णयहरु समेत उल्टी हुने ठहरेको भन्ने देखिँदा यी करदाताका हकमा आ.व.२०६४।०६५, ०६५।०६६ र ०६६।०६७ मा

आन्तरिक राजस्व कार्यालय धरानबाट भएका अन्तशुल्क निर्धारणका निर्णयहरु तथा सो उपर परेका प्रशासकीय पुनरावलोकनका निवेदनमा भएका निर्णय सहितको सक्कलै मिसिल सम्बन्धित कार्यालय/विभागवाट र यिनै मुद्दामा राजस्व न्यायाधिकरण विराटनगरबाट माथि उल्लेखित मुद्दामा मिति २०६९।१०।१९ मा भएका फैसलाहरु सहितका छिनुवा मिसिल राजस्व न्यायाधिकरण विराटनगरबाट मगाई साथै राख्नु पेश गर्नु ।आन्तरिक राजस्व विभागको मिति २०७४।४।२९ को निर्णयमा उल्लेखित उद्योग विभागबाट प्रकाशित Material Consumption Norms, Vol.I BS. 2063 को प्रमाणित प्रतिलिपी विशेष सरकारी वकील कार्यालय मार्फत सम्बन्धित निकायबाट मगाई साथै राख्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७८/०१/०८ मा भएको आदेश।

११. प्रस्तुत मुद्दा र लगाउमा पेश भएका मुद्दा समेत चार वर्ष पुरानो रहेको र करदाताको तर्फबाट अन्य कानून व्यवसायीहरु समेत मुकरर भएको देखिँदा अर्को पेशीमा सुनुवाईको सुनिश्चितताको लागि सवै मुद्दामा पुनरावेदक र प्रत्यर्थी दुवै पक्षबाट १५ दिन भित्र लिखित वहसनोट पेश गर्न वारिस मार्फत सूचना दिई नियमानुसार पेश गर्नु भन्ने व्यहोराको मिति २०७९।११।२८ गतेको यस न्यायाधिकरणबाट भएको आदेश।

१२. यसमा यस न्यायाधिकरणको मिति २०७९।११।२८ को आदेशानुसार पुनरावेदकको तर्फबाट विद्वान अधिवक्ता श्री प्रेरणा उप्रेतीले मिति २०७९।१२।१२ मा र प्रत्यर्थीका तर्फबाट विद्वान सहायक न्यायाधिवक्ता श्री संगीता थोकरले मिति २०८०।१।३ का दिन लिखित बहसनोट पेश गर्नु भएको।

<u>ठहर खण्ड</u>

१३. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाताका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री रमण कुमार कर्णले उद्योग विभागबाट अन्य प्रयोजनको लागि निर्धारण गरिएको Norms लाई आधार मानी उत्पादन नै नभएको बस्तुको उत्पादन तथा बिक्री बितरण गरेको भनी काल्पनिक आधार लिईएको, छड उत्पादनमा हकमा के कति प्रतिशत जर्ती (Unseen Loss) हुने भन्ने कुरा कानूनी रुपमा प्रष्ट नभएको, उद्योग विभागले Material Consumption Norms BS २०६३ सार्वजनिक रुपमा प्रकाशन गरेको भनिए तापनि करदातालाई आधिकारिक रूपमा जानकारी नभएको अवस्थामा कर निर्धारणको क्रममा ठूला करदाता कार्यालय, ललितपुरबाट उद्योगले वास्तविक उत्पादनभन्दा घटी उत्पादन देखाएको भन्ने काल्पनिक आधार लिएको छ। मनोगत आधारमा हाम्रो कर विवरण अधुरो तथा त्रुटीपूर्ण भनी अन्तिम कर निर्धारण गरेको शुरु निर्णय त्रुटिपूर्ण रहेकोले सो बदर गरी पाउँ भनी तथा प्रत्यर्थी ठूला करदाता कार्यालय, ललितपुरका तर्फवाट उपस्थित विशेष सरकारी वकील कार्यालयका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले करदाताले जर्ती बढी कायम गरेको कारण आयमा कम देखिएको, पुरानो नर्म्सको आधारमा कट्टी गरेको भएको कारण बढी देखिएको भन्ने दावी लिएको तर सो लाई पुष्टि गर्ने प्रमाणित कागजात पेश गर्न नसकेको, पुरानो norms भन्ने तथ्य करदाता स्वंमले

स्वीकार गरेको हुँदा सो वापत मूल्य अभिवृद्धि कर थप गर्ने समेतको शुरु कार्यालयबाट भएको अन्तिम कर निर्धारणको आदेश कानूनसम्मत नै रहेकोले सो निर्णय सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१४. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु एवं लिखित बहसनोट र मिसिल संलग्न कागज प्रमाण समेतको अध्ययन गरी हेर्दा, ठूला करदाता कार्यालय, ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको अन्तिम कर निर्धारणको आदेश तथा सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत मिलेको छ, वा छैन ? करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

१५. करदाताको पहिलो पुनरावेदन जिकिर ठूला करदाता कार्यालय, ललितपुरबाट करदाताले नपाउने जर्ती दावी गरी घटी उत्पादन देखाएको कारणबाट रु.२३८४८५६।- थप विक्री कायम गर्ने गरी भएको अन्तिम कर निर्धारण आदेशका सम्बन्धमा रहेको देखिन्छ। यो प्रश्न समेत समावेश रहेको यीनै करदाता पुनरावेदक भई दायर गरेको यसै लगाउको ०७५-RB-०१९५ को आ.ब. २०६७/०६८ को आयकर मुद्दामा आज यसै इजलासबाट विस्तृत विवेचना भई शुरु संशोधित कर निर्धारण आदेश समेत सदर हुने ठहरी फैसला भइसकेको अवस्था छ। तसर्थ सोही मुद्दामा विवेचना गरिएको आधार र प्रमाणबाट घटी उत्पादन देखाएको रु.२३,८४,८५६।- मा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० (१) बमोजिम कर निर्धारण गरेको शुरु ठूला करदाता कार्यालय ललितपुरको मिति २०७०/०४/०३ को निर्णय र सोही निर्णय सदर गरेको आन्तरिक राजस्व विभागको मिति २०७५/०५/०८ को निर्णय समेत मनासिव देखिँदा अन्यथा गर्नु परेन।

१६. जहाँसम्म शुरु ठूला करदाता कार्यालयबाट यस आ.ब. मा आयकर तर्फ VAT Receivable देखाएको रकम भन्दा मूल्य अभिबृद्धि कर हिसाबमा बढी दावी गरेको क्रेडिट रु.१६,३८५।- मा कर निर्धारण गरेको सम्बन्धी करदाताको पुनरावेदन जिकिर छ, यस सम्बन्धमा करदाताले प्रशासकीय पुनरावलोकनको निवेदनमा समेत जिकिर लिएको र सो निर्णयको क्रममा कर विजक नं १०११ मिति २०६७/०४/२६ मोरङ्ग अटो वर्क्स, काठमाण्डौले पशुपति पेन्ट्सको नाममा जारी गरेको विजक भुलवस पशुपति आइरन एण्ड स्टील्समा लेखिन गएकोले उक्त दावी रकम आ.ब. २०६७/०६८ को VAT Return Detail अध्ययन गर्दा आश्विन महिनाको विवरणमा उक्त रकम बराबरको Debit Adjustment गरेको देखिएको हुँदा यस सम्बन्धमा कार्यालयबाट छानवीन तथा विश्लेषण गरी पुनः कर निर्धारण हुनुपर्ने भनी शुरू कार्यलयमा पठाएको देखिन्छ। उल्लिखित वस्तुहरूको खरीदमा तिरेको मूल्य अभिवृद्धि- करकट्टी अमान्य गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) बमोजिम कार्यालयबाट भएको मूल्य अभिवृद्धि कर निर्धारण आदेशका सम्बन्धमा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट पुनः कर निर्धारण गर्नु भनी शुरू कार्यालयमा पठाईएको देखिएबाट प्रस्तुत पुनरावेदन जिकिरको सम्बन्धमा थप वोलीरहन परेन।

१७. तसर्थ, माथी विवेचित आधार र कारणबाट करदाता श्री पशुपति आइरन एण्ड स्टील प्रा.लि. (स्थायी लेखा नं.३०००१६१४५) को ठूला करदाता कार्यालय ललितपुरवाट आ.व. २०६७।६८ को मूल्य अभिवृद्धि कर तर्फ अन्तिम कर निर्धारण गरी मिति २०७०।०४।०३ मा भएको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकवाट मिति २०७५।०५।०८ मा भएको निर्णय समेत मिलेकै देखिंदा सदर हुने ठहर्छ।करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन।अरु तपसील बमोजिम गर्नू ।

**तपसिल खण्ड**

१. फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकील कार्यालय काठमाडौलाई दिनू।
२. आन्तरिक राजस्व विभागको मिति २०७५।०५।०८ को निर्णय बमोजिम करदाताको VAT Receivable फरक परेको सम्बन्धमा पुनःकर निर्धारण गरीदिनु भनी फाइल ठूला करदाता कार्यालयमा लेखी पठाइदिनू।
३. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
४. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
५. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

(टेकप्रसाद ढुङ्गाना)
अध्यक्ष

उक्त रायमा मेरो सहमति छ।

(बासुदेव खनाल)
लेखा सदस्य

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
इजलास अधिकृतः-श्री खेमकुमारी बस्नेत
कम्प्यूटर टाइपः-श्री अशोक विश्वकर्मा
इति सम्वत २०८० साल बैशाख महिना ३ गते रोज १ शुभम्.......................।
प्रमाणिकरण गर्ने सदस्यः-

फैसला प्रमाणित मितिः- राजस्व न्यायाधिकरण काठमाडौंको छाप